## थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:- ०७८/०७९
चलानी नं.:- २२

मिति:- २०७८/०८/०६

*विषय: कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चलान सम्बन्धमा ।*

श्री जलजला अस्पताल तथा अनुसन्धान केन्द्र थबाङ, रोल्पा ।
श्री स्वास्थ्य चौकी मिरुल र उवा, रोल्पा ।
श्री आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङ र घोराबाङ, रोल्पा ।
श्री सामुदायिक स्वास्थ्य इकाई केन्द्र खेरबाङ भित्रिवन ठूलोगाउँ मिरुल र थर्पु, रोल्पा ।
श्री वडा कार्यालय १- थबाङ, २-थबाङ, ३-मिरुल, ४-घोराबाङ र ५ उवा, रोल्पा ।
श्री महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरु सबै ।

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालय रोल्पा पत्र संख्या २०७८/०७९, च.नं.- ११८, मिति २०७८/०८/०५ गतेको प्राप्त पत्रानुसार जिल्ला कोभिड-१९ खोप समन्वय समितिको मिति २०७८/०८/०५ को निर्णय भए अनुरुप रोल्पा जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरुबाट १८ वर्ष उमेर समूहका सबै नागरिकहरुलाई खोप लगाउने अभियान सञ्चालन गर्ने, भनि लेखी आएकोले, यस थबाङ गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्था, वडा कार्यालय, विद्यालय, सरकारी तथा गैरसरकारी संस्था, महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरु, राजनीतिक दल, जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, स्वस्थ आमा समूह, महिला समूह, पत्रकार, मानव अधिकार, क्लव लगायत सबै सचेत नागरिकहरुले यो सूचना प्रचार-प्रसार गरी कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन सफल बनाउन तपशिल बमोजिमको सहयोग गरिदिनुहुन् सम्बन्धित सबैमा जानकारीकासाथ सादर अनुरोध गरिन्छ ।

***तपशिल***

१.मिति २०७८/८/१० देखि १३ गते सम्म १८ वर्ष माथि उमेर समूहका सबै र यस अघि कोभिड-१९ विरुद्ध कुनै पनि खोप नलगाएका सम्पूर्ण नागरिकहरुलाई खोप सेवा प्रदान गर्ने ।

२.खोप सेवा सञ्चालन गर्दा भिडभाड हुने भएमा, आवश्यकता अनुसार भिड व्यवस्थापन गर्न उमेर समूह विभाजन गरी जनस्वास्थ्यका मापदण्ड पूर्ण परिपालना गरी गराई खोप सेवा सञ्चालन गर्नुपर्नेछ ।

३. प्रत्येक खोप केन्द्रमा १ जना खोप कार्यकर्ताले व्यवस्थापन गर्ने र १ दिनमा १२५ जना भन्दा धेरै लक्षित समूह भएमा थप १ जना खोप कार्यकर्ताको व्यवस्थापन गर्ने वा खोप सेसन थप गर्न सकिने छ ।

४. यस अघि भेरोशिल र एस्ट्राजेनिका /कोभिशिल्ड पहिलो मात्रा लिई दोस्रो मात्रा लिन छुट भएका सबैलाई दोस्रो मात्रा समेत यसै अभियान मार्फत सञ्चालन गर्नुपर्नेछ ।

५.प्रत्येक दिन खोप सेसन समाप्त भएपछि तोकिएको ढाँचामा यस कार्यालयलाई प्रतिवेदन गर्ने साथै DHIS-2,मा प्रविष्ट गर्न दैनिक ४:०० बजेभित्र प्रतिवेदन गर्नुपर्नेछ ।

६.कोभिड-१९ विरुद्ध भेरोशिल खोपको पहिलो मात्रा लिएका आम नागरिकलाई दोस्रो मात्रा पहिलो मात्रा लगाएको २१ दिन पछि र २८ दिन भित्र लगाउने सम्बन्धमा सु-सूचित गर्ने ।

(तुल बहादुर पुन)
स्वास्थ्य संयोजक
तुल बहादुर पुन
स्वास्थ्य संयोजक

***बोधार्थ:***

* स्वास्थ्य कार्यालय रोल्पा ।







९८५७८२४७५०, ९८५७८७७०४१, ९८५१२२९५७३ www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com, www.thabangmun.gov.np